# प्रभाव दैनिक
National Daily

वर्ष १० | अंक ३२४ | काठमाडौं | शनिबार, १० चैत २०८० | Prabhab National Daily | Saturday, March 23, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/
९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com




राउण्ड अन्नपूर्ण पदमार्गअन्तर्गत म्याग्दीको अन्नपूर्ण गाउँपालिका–६ मा अवस्थित पर्यटकीयस्थल पुनहिलबाट हिमशृंखला अवलोकन गर्दै पर्यटक ।

तस्विर: कमल खत्री/रासस

# दिल्लीमा कलह मच्चाएर ‘थिम्पु टुर’मा मोदी

## केजरीवाल चुनौती बन्दै



■ प्रभाव डेस्क

**काठमाडौं–** भारतका प्रधानमन्त्री नरेन्द्र मोदी नयाँ दिल्लीमा राजनीतिक कलहको बीउ रोपेर भुटानको थिम्पु भ्रमणमा निस्किएका छन् । बिहीबार साँझ नयाँ दिल्लीका मुख्यमन्त्री अरविन्द केजरीवाल पक्राउ गर्नु र शुक्रबार बिहानै मोदी भारतीय वायु सेनाको जहाजमार्फत थिम्पु उड्नु ‘को-इन्सिडेन्ड’ मान्न नसकिने भारतीय राजनीतिक विश्लेषकहरूको तर्क छ ।

मोदीलाई थिम्पुमा भुटानका प्रधानमन्त्री छिरिङ तोब्गेले स्वागत गर्दै तासिछो जोङ दरबारमा राजा जिग्मे खेसर नामग्याल वाङचुकसँग खुसी साटिरहँदा यता दिल्लीका मुख्यमन्त्री केजरीवाल आफ्नो रिहाइका लागि सर्वोच्च अदालतमा याचना गरिरहेका थिए । भुटानमा मोदीले त्यहाँकै सर्वोच्च सम्मान पाइरहँदा ‘अर्डर अफ दि ड्रुक’ आम आदमी सडकमा ओर्लिएको छ ।

मोदी दुई दिने भ्रमणका लागि भुटान रवाना भएका हुन् । उनी भुटान निस्कनुअघि केजरीवाल पक्राउ पर्दा भारतीय जनता पार्टीले मुख्यमन्त्रीबाट उनको राजीनामा माग गरेको थियो । तर आप नेता तथा दिल्लीकी मन्त्री आतिशीले केजरीवालले हिरासतबाटै सरकार चलाउने तर्क गरिन् । ‘हामीलाई आशा छ उहाँले कारागारबाट सरकार चलाउनुहुने छ, अरबिन्द केजरीवाल दिल्लीका मुख्यमन्त्री थिए, मुख्यमन्त्री हुन्, र मुख्यमन्त्री रहने छन्,’ आतिशीले भनिन् ।

> दिल्लीका हरेक विधानसभामा २४ मार्चमा आम आदमीले प्रदर्शन गर्ने तयारी गरेको छ । यसैगरी २६ मार्चमा आम आदमीले प्रधानमन्त्री मोदीको निवास घेराउ गर्ने जनाएको छ । आम आदमीका कार्यकर्ता अहिले सडकमा उत्रिएका छन् । उनीहरूले मोदी सरकारको चर्को विरोध गरिरहेका छन् ।

### केजरीवाललाई छ दिन हिरासतमा राख्न आदेश

केजरीवाललाई थप छ दिन हिरासतमा राख्न अदालतले आदेश दिएको छ । शुक्रबार साँझ केजरीवाललाई मार्च २८ सम्म अनुसन्धान गर्न समय दिएको हो । वित्तीय अपराध अनुसन्धान एजेन्सी-इडीले बिहीबार साँझ पक्रेका उनलाई बिहीबार नै रिहा गर्न उनको वकिलले माग गरेका थिए । इडीले भने १० दिन हिरासतमा राख्न माग गरेको थियो ।

(क्रमश: पृष्ठ २ मा)

# खानेपानीको सास्ती उस्तै

■ प्रगति ढकाल

**काठमाडौं–** ‘एक भाँडो पानीका लागि लाइन बसेको अघि नै देखि हो, खै पालो पनि आउँदैन,’ काठमाडौंको जडीबुटीस्थित नरेफाँटको सार्वजनिक धारामा एक गाग्री पानी कुर्नेहरूमध्ये रेवती पौडेल भन्छिन् । उमेरले ६० नाघिसक्यो । एक भाँडो पानीका लागि लाइन बसेको एक घण्टा बितिसक्दा पनि पालो नआएपछि उनी भन्छिन्, ‘मेलम्ची आयो, घरबेटीका लागि । डेरामा बस्नेका लागि कहाँ हो र !’

रामेछाप स्थायी घर भई हाल जडीबुटीमा बस्दै आएकी छन्न् उनी । उपत्यकामा सुख खोज्दै आउँदा पानीको चरम समस्या भोगिएला भन्ने उनलाई लागेको थिएन । मेलम्ची आएपछि सुख पाइएला भन्ने थियो तर घरबेटीले प्रयोग गर्छन्, भाडामा बस्नेहरूलाई प्रयोग गर्न नदिने रहेछन् । ‘पहिल्यैदेखि नै हामी एक भाँडो पानीका लागि घण्टौं लाइन बस्दै आयौं, अब त मेलम्ची आएर सुख पाइन्छ कि भनेको सास्ती उस्तै छ,’ भुइँमा राखेको भाँडो पर सार्दै उनी भन्छिन्, ‘सरकारले हाम्रो समस्या छिट्टै बुझिदिए हुन्थ्यो नि !’

> नेपालको संविधानको धारा (३५) को उपधारा ४ मा प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइको हक हुने व्यवस्था गरिएको छ तर नागरिकले उक्त मौलिक हकको प्रत्याभूति गर्न नपाएको र मौलिक हक कार्यान्वयनमा चुनौती रहेको बताउँछन्, वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठी ।

त्यही धारामा पालो कुर्दै बसेकी मैया श्रेष्ठको चिन्ता पनि उस्तै थियो । उमेरले बुढ्यौली लाग्यो । ठूलो भाँडोमा पानी बोक्न सक्दिनन् उनी । साना बोतलहरू लिएर जाँदा पनि घण्टौंसम्म लाइनमा थिइन् । ‘मेरो घर भोजपुर हो, हामी जडीबुटी बसेको २० वर्ष भयो, पहिला पनि लाइन बसेर पानी थाप्नुपर्थ्यो, मेलम्ची आएको छ तर कहिले आउँछ कहिले आउँदैन,’ उनी भन्छिन्, ‘ठूलो भाँडामा पानी लानै सकिँदैन, साना-साना भाँडामा पानी थापेर कतिले पुग्नु ।’

पानीकै लागि रात माया मारेर अनिदो बस्न बाध्य कयौं गृहिणीमध्ये एक हुन् काठमाडौं डल्लु बस्दै आएकी सरस्वती बुढामगर । ‘धारामा पानी रातिमा आउँछ, सुतेपछि निदाइएला र पानी थाप्न नपाइएला भन्ने चिन्ता लाग्छ, पानी आउने दिनमा रातै माया मारेर अनिदो बस्छु’ उनी भन्छिन् ।

(क्रमश: पृष्ठ ५ मा)

# सरकारको नाममा ल्याइयो बाँसबारी छाला जुत्ता कारखानाको जग्गा

**काठमाडौं (प्रस)–** बाँसबारी छाला जुत्ता कारखाना लिमिटेडको जग्गा सरकारको नाममा ल्याइएको छ । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले शुक्रबार पत्रकार सम्मेलन गरी उक्त जानकारी दिएको हो ।

पत्रकार सम्मेलनमा भूमि व्यवस्थामन्त्री बलराम अधिकारीले मालपोत ऐन, २०३४ अनुसार बाँसबारी छाला जुत्ता कारखानाको जग्गा सरकारले आफ्नो स्वामित्वमा ल्याएको जानकारी दिए । अनियमितरूपमा बाँसबारी छाला जुत्ता कारखानाको नाममा कब्जा गरिएको १० रोपनी जग्गा नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)को सहयोगमा सरकारको नाममा फिर्ता ल्याएको उनले बताए ।

उक्त कारखानाको १० रोपनी जग्गा हडपेको भन्दै सिआइबीले व्यवसायी अरूण चौधरी, कारखानाका कार्यकारी अध्यक्ष अजितनारायण सिंह थापा र सञ्जय ठाकुरलाई माघ १८ गते पक्राउ गरेको थियो । भूमि सुधार तथा मालपोत कार्यालयको शुक्रबार बसेको बैठकले उक्त जग्गा सरकारको नाममा ल्याउने निर्णय गरेको मन्त्रालयले जानकारी दिएको हो । सिआइबीले तीन महिनाभन्दा बढीको समय अनुसन्धान गरेर उक्त सरकारी जग्गा निजीकरण गरेको फेला पारेको भन्दै तीन जनालाई पक्राउ गरेको थियो । कारखानालाई प्राप्त भएको जग्गामध्ये १० रोपनी जग्गा लिएर त्यहाँ सिजी चाँदवाग रेजिडेन्सी बनाइएको थियो ।

(क्रमश: पृष्ठ २ मा)

**सन्दर्भ: वैदेशिक रोजगार**

# विप्रेषण पठाउने श्रमिकलाई थप दुई प्रतिशत अनुदान दिन एनआरएनएको माग

■ प्रभाव संवाददाता

**काठमाडौं–** गैरआवासीय नेपाली संघ (एनआरएनए)ले वैदेशिक रोजगारीमा रहेका नेपाली श्रमिकले पठाएको विप्रेषण (रेमिटचान्स)मा थप अनुदान उपलब्ध गराउन माग गरेको छ । विप्रेषण पठाउने नेपाली श्रमिकलाई उनीहरूले पठाएको विप्रेषणमा दुई प्रतिशतका दरले थप अनुदान नेपाल सरकारले उपलब्ध गराउने व्यवस्था गर्ने विषय सरकारको आगामी आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रममा समेट्नुपर्ने संघको माग छ ।

वैदेशिक रोजगारीबाट आउने विप्रेषणलाई वैधानिक रूपमा बैकिङ च्यानलमार्फत ल्याउन प्रोत्साहन गर्ने उद्देश्यले त्यस्तो व्यवस्था गर्नुपर्ने माग संघले गरेको हो । सरकारको आगामी आर्थिक वर्षको वार्षिक बजेट र नीति तथा कार्यक्रममा आफ्नो सुझाव पेस गर्दै संघले उक्त माग अघि सारेको शुक्रबार विज्ञप्तिमार्फत जानकारी दिएको छ ।

संघले धितोपत्र ऐन तथा नियमावलीमा संशोधन गरी गैरआवासीय नेपालीको लगानीलाई समेत नेपालको धितोपत्र विनिमय बजारमा प्रवेश गराउन र नेपालीसरह लगानी गर्ने वातावरणमा नीतिगत सुधार गर्न आग्रह गरेको छ । साथै, नेपाली धितोपत्र बोर्डले जारी गर्ने सेयर (आइपिओ) मा वैदेशिक रोजगारमा गएकाहरूको कोटालाई अझ फराकिलो बनाई स्वरोजगारमा रहेका तथा श्रम स्वीकृति नलिएका सम्पूर्ण एनआरएनलाई समेत समेट्न आग्रह गरिएको छ ।



धितोपत्रको कारोवार विधिलगायत नीति निर्देशन निर्माण तथा संशोधन गरी यसै आर्थिक वर्षदेखि कार्यान्वयनमा ल्याउन, एनआरएन नेपाल डेभलपमेण्ट फण्ड लिमिटेडलाई पूर्वाधार विकासमा परिचालन गर्न नेपाल सरकारको समन्वयमा लगानी क्षेत्र पहिचान गरी लगानीको दायरा फराकिलो बनाउने विषय नीति तथा कार्यक्रममा समेट्न भनिएको छ ।

प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय सिंहदरबारमा आयोजित कार्यक्रममा संघको तर्फबाट अध्यक्ष डा. बद्री केसीले गैरआवासीय नेपालीहरूको लगानीहरूलाई सुनिश्चित गर्न र समृद्ध नेपालको अभियानमा विदेशमा रहेका नेपालीहरूलाई समेत सहभागी गराउनका लागि आगामी आवको वार्षिक बजेट, नीति तथा कार्यक्रममा संघको तर्फबाट पेस गरिएका विषयहरू पनि समेट्न आग्रह गरे ।

गैरआवासीय नेपाली नागरिकताको पूर्ण कार्यान्वयन, मताधिकार, लगानी प्रवर्दनलगायतका विषयहरूलाई समेट्न भनिएको छ । संघले गैरआवासीय नेपाली नागरिकता ग्रहण गरेका व्यक्तिहरूलाई यसै आर्थिक वर्षबाट राष्ट्रिय परिचयपत्रको व्यवस्थासहितको कानुनी प्रावधानमा समेट्न, यसै आर्थिक वर्षदेखि विदेशमा रहेका गैरआवासीय नेपालीलाई मतदान अधिकारको व्यवस्था यसै आर्थिक वर्षदेखि मिलाउन, गैरआवासीय नेपाली नागरिकताबाहकहरूलाई अध्यागमनमा सहज व्यवस्थापनका लागि यसै आर्थिक वर्षबाट कानुनी सुधार गर्न र ब्रिटिस गोरखा सैनिकहरूको समान हक तथा अन्य अधिकारका विषयहरूलाई कूटनीतिक माध्यमबाट समाधानका लागि उचित पहल गरी बेलायती सेनाबाट अवकास प्राप्त गोर्खाहरू र निजका सन्ततिका लागि वंशजको नेपाली नागरिकता कायमै रहने व्यवस्थाका लागि आवश्यक कानुनी व्यवस्था मिलाउन सरकारसमक्ष अनुरोध गरिएको छ ।

यस्तै नेपालमा रोजगारी सिर्जना, उद्यमशिलता तथा पूर्वाधार विकाससँगै समृद्ध नेपाल निर्माणका लागि गैरआवासीय नेपालीहरूको लगानी तथा ज्ञान, सीप र प्रविधि प्रोत्साहन गर्न आवश्यक कानुनी तथा नीतिगत बाधा अड्चन संशोधन गर्न, गैरआवासीय नेपाली ऐनमा रहेको लगानीसम्बन्धी व्यवस्थालाई विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐनमा समायोजन गराई सहजीकरण गर्न यसै आर्थिक वर्षबाट सुरु गर्न पनि संघले सुझाव दिएको छ ।

संघको संयन्त्रलाई सदुपयोग गरी विभिन्न स्थानमा पर्यटन तथा नेपाली उत्पादनको प्रवर्द्धनात्मक तथा प्रचारात्मक कार्यक्रम आयोजनाका लागि समन्वयको व्यवस्था गर्न, विदेशबाट नेपाल फर्किएका गैरआवासीय नेपालीहरूको जीविकोपार्जनका लागि आवश्यक रोजगार, व्यवसाय सञ्चालनका लागि सुलभ ऋण, तथा समग्र पुन:एकीकरणको योजना यसै आर्थिक वर्षबाट कार्यान्वयन गर्नेगरी व्यवस्था गर्न संघले सुझाव दिएको विज्ञप्तिमा उल्लेख छ ।




## पृष्ठ १ बाट क्रमशः

### दिल्लीमा कलह...

सर्वोच्च अदालतको प्रिभेन्सन अफ मनी लाउन्ड्रीङ एक्ट (पिएमएलए)ले थप अनुसन्धानका लागि केजरीवाललाई हिरासत पठाएको हो । मदिरा नीतिमा गरिएको अनियमिततामा केजरीवाल संलग्न रहेको आरोप लागेको छ ।

### केजरीवाललाई लागेको आरोप

इडीले दिल्लीको नयाँ मदिरा बेचबिखनसम्बन्धी नीतिमा चलखेल गरेको आरोप लगाउँदै मुख्यमन्त्री केजरीवाललाई पक्राउ गरेको हो । उनलाई इडीले यस चलखेलका मास्टर माइन्ड योजनाकार भएको आरोपसमेत लगाएको छ । चुनावी खर्च उठाउन केजरीवालले यो नीति दिएको दाबी इडीको छ । केजरीवालले एकपटक १० करोड र अर्कोपटक १५ करोड गरी ३५ करोड भारु लिइसकेको इडीले दाबी गरेको छ । गोवा निर्वाचनमा ४५ करोड भारु खर्च भएको इडीको दाबी छ । यो घोटलामा मदिरा माफियाले केजरीवाललाई ३३८ करोड भारु अफर गरिएको आरोपसमेत लागेको छ । इन्डोस्पिरिटका निर्देशक समीर महेन्द्रुले विजय नायरमार्फत केजरीवालसँग उक्त डिल भएको थियो । फेस टाइम एपमार्फत उनीहरूबीच यो डिल भएको थियो ।

केजरीवाल नेतृत्वको दिल्ली सरकारले १७ नोभेम्बर २०२१ मा मदिरा बिक्रीको सम्पूर्ण अधिकार निजी क्षेत्रलाई सुम्पिने गरी नयाँ नीति ल्याएको थियो । उक्त नीति ल्याउँदा केजरीवालले घूस लिएर भ्रष्टाचार गरेको इडीको दाबी छ । उक्त नीतिका कारण दिल्ली सरकारलाई २८ हजार करोड भारतीय रूपैयाँ घाटा भएको प्रवर्तन निर्देशालयको दाबी छ । तर दिल्ली सरकारले गत वर्ष जुलाई ३१ मा सो नीति खारेज गरिसकेको छ ।

मदिरा नीति मुद्दामा केजरीवाललाई २७ फेब्रुअरी, २६ फेब्रुअरी, २२ फेब्रुअरी, २ फेब्रुअरी, १७ जनवरी, ३ जनवरी र २०२३ मा २१ डिसेम्बर र २ नोभेम्बरमा सोधपुछका लागि पत्र पठाइएको थियो । तर, उनी एकपटक पनि सोधपुछका लागि उपस्थित भएका थिएनन् । त्यसपछि उनलाई इडीले बिहीबार नियन्त्रणमा लिएको हो । उनको पार्टीको लगभग शीर्ष नेतृत्व अहिले जेलमै छन् । पूर्वउपमुख्यमन्त्री मनिष सिसोदिया, पूर्वमन्त्रीहरू सत्यन्द्र जैन र सञ्जय सिंह पनि जेलमै छन् ।

आम आदमी पार्टीले हाल दिल्ली र पञ्जाब गरी दुई राज्य सरकार चलाइरहेको छ । उक्त पार्टीले भ्रष्टाचार आरोपको खण्डन गरेको छ । गत महिना झारखण्डका मुख्यमन्त्री हेमन्त सोरेनलाई पनि भ्रष्टाचार आरोपमा पक्राउ गरिएको थियो । त्यसको केही घण्टाअघि उनले राजीनामा दिएका थिए । सोरेनको झारखण्ड मुक्ति मोर्चा आम आदमी पार्टी र कंग्रेसजस्तै इन्डिया गठबन्धनको सदस्य हो ।

### भाजपालाई झस्काउँदै केजरीवाल

दिल्लीका हरेक विधानसभामा २४ मार्चमा आम आदमीले प्रदर्शन गर्ने तयारी गरेको छ । यसैगरी २६ मार्चमा आम आदमीले प्रधानमन्त्री मोदीको निवास घेराउ गर्ने जनाएको छ । आम आदमीका कार्यकर्ता अहिले सडकमा उत्रिएका छन् । उनीहरूले मोदी सरकारको चर्को विरोध गरिरहेका छन् ।

'एक केजरीवाललाई पक्राउ गर्न सकिन्छ । तर हजारौं केजरीवाल दिल्लीको सडक र देशको सडकमा उत्रनेछन् यो देशको लोकतन्त्रको रक्षाका लागि,' दिल्लीका मन्त्री आतिशीले भनिन् । दुई पटक सत्तामा पुगिसकेको भारतय जनता पार्टीका लागि आम आदमी अहिले चुनौती बनिरहेको छ ।

सन् २०११ मा भ्रष्टाचारविरोधी अभियान सुरु गरेर चर्चामा आएका केजरीवालको गिरफ्तारीले भाजपालाई झनै चुनौती थपिएको छ । सत्तारूढ भाजपालाई चुनौती दिँदै २७ वटा दलले निर्माण गरेको 'इन्डिया' गठबन्धनमा आम आदमी पनि सहभागी छ । आपले सन् २०१३ यता दिल्लीमा विधानसभाको चुनावमा एकपछि अर्को सफलता हासिल गरेको छ अनि संघीय सरकारविरुद्ध असन्तुष्टि रहेको पञ्जाबमा पनि आफ्नो प्रभाव विस्तार गरिसकेको छ । आपले आगामी निर्वाचनमा दिल्लीका सातवटा संसदीय क्षेत्रमध्ये चार वटामा प्रतिस्पर्धा गर्न लागेको छ ।

सन् २०१९ मा उसले सबै सात सिटमा बिजेपीसँग हार खेपेको थियो । तर सन् २०२० मा विधानसभाको निर्वाचनमा दिल्लीका ७० मध्ये ६२ सीट जितेको थियो ।

सन् २०१३ मा उनी पहिलो पटक दिल्लीको मुख्यमन्त्री बनेका थिए । तर संसद्बाट उनको दल जनलोकपाल विधेयक पारित गराउन विफल भएपछि उनले ४९ दिनमै राजीनामा दिए । उनको राजीनामा रणनीतिक महत्त्व बन्न पुग्यो । त्यसले भ्रष्टाचारविरुद्धको लडाइँमा आफू सिद्धान्तनिष्ठ रहेको र उच्च पदसमेत त्याग गर्न सकेको सन्देश उनले दिएका थिए । त्यसले उनको दलको प्रभाव फैलिन सघायो । सन् २०१५ को दिल्लीमा विधानसभाको चुनावमा उनको दलले सहजै जित हासिल गऱ्यो । सन् २०२० मा उनको दल अर्कोपटक विजयी भयो ।

भारतीयहरूकै शब्दमा मोदी समर्थित 'गोदी मिडिया'ले भने केजरीवाललाई 'किङपिन' अर्थात् मुख्य योजनाकार बताइरहेका छन् । कोही भने केजरीवालले यस गिरफ्तारीबाट अर्को शक्ति आर्जन गर्दै भारतका अरु राज्यहरूमा आप उदाउने र यो भाजपाका लागि टाउको दुखाइको विषय बन्ने दाबी गरिएको छ ।

दुई महिनाअघि अयोध्यामा बाबरी मस्जिद भत्काएको भूमिमा राममन्दिर उद्घाटन गराएका मोदीले हिन्दूबहुल भारतमा अर्को कार्यकाल पनि जित्ने लगभग निश्चित भएको दाबी गरिएको थियो । तर पनि हिन्दू अतिवादी नीतिका कारण पछिल्लो समय दक्षिणी राज्यहरूमा भाजपाले सिट जित्ने सम्भावना कम हुँदै गएको छ । यस्तोमा हिन्दीभाषी उत्तरी र मध्यभागबाट नै भाजपा गठबन्धनले बहुमत पुऱ्याउनुपर्ने हुन्छ ।

प्रत्यक्ष निर्वाचन प्रणाली भएको भारतमा २०१९ को लोकसभा निर्वाचनमा ३७.३६ प्रतिशत मात्र मत ल्याए पनि विपक्षीहरू विभाजित हुँदा भाजपाले बहुमत ल्याएको थियो । यसपालि विपक्षीहरू पहिलेभन्दा एकत्रित भए भने विपक्षी गठबन्धनले बहुमत पुऱ्याउन सक्ने भनेर देखिएर मोदी यी दलहरूसँग आक्रोशित भएको बताइएको छ ।

### तासिछो जोङमा दंग मोदी

मोदीले भारत र भुटानको लक्ष्य समान रहेको बताएका छन् । मोदीले 'ब्रान्ड भुटान' र 'भुटान बिलिभ' (बिबी) दुवैलाई सफल पार्न भारतले हरेक पाइलामा सहयोग गर्ने आश्वासनसमेत दिए ।

तासिछो जोङ दरबारमा सम्बोधन गर्ने क्रममा प्रधानमन्त्री मोदीले भने, 'भारत र भुटानका युवाहरूको आकांक्षा र लक्ष्यहरू समान छन् । भारतले सन् २०४७ सम्ममा विकसित देश बन्ने लक्ष्य राखेको छ भने भुटानले २०२४ सम्ममा उच्च आय भएको देश बन्ने लक्ष्य राखेको छ । यहाँहरूको यो लक्ष्य पूरा गर्न बिबी अर्थात् ब्राण्ड भुटान र भुटान बिलिभ दुवैलाई सफल बनाउन भारतले हरेक पाइलामा सहयोग गर्नेछ ।'

आफूलाई हिमाली देशको सर्वोच्च सम्मान 'अर्डर अफ द ड्रुक' प्रदान गरेकामा प्रधानमन्त्री मोदीले भुटानका राजा जिग्मे खेसर नामग्याल वाङ्चुकलाई धन्यवाद दिए । मोदी यो सम्मान प्राप्त गर्ने प्रथम विदेशी सरकार प्रमुख बनेका छन् । 'आज मेरा लागि एक भारतीयका रूपमा ठूलो दिन हो । यहाँले मलाई भुटानको सर्वोच्च राष्ट्रिय अवार्डले सम्मान गर्नुभयो । हरेक अवार्ड आफैँमा विशेष हुन्छ, तर जब अर्को देशबाट अवार्ड प्राप्त हुन्छ त्यसले दुवै देशबीचको सम्बन्ध सही दिशामा बढिरहेका छ भन्ने आत्मविश्वासलाई बलियो बनाउँछ । यो मेरो व्यक्तिगत उपलब्धि होइन, यो भारत र एक अर्ब ४० करोड भारतीयको उपलब्धि हो । म भुटानको यस महान भूमिमा सबै भारतीयको तर्फबाट यो सम्मानलाई विनम्रतापूर्वक स्वीकार गर्दछु र यस सम्मानका लागि हृदयदेखि नै धन्यवाद दिन चाहन्छु,' मोदीले भने ।

यसअघि प्रधानमन्त्री मोदीले भुटानका राजा जिग्मे खेसर नामग्याल वाङ्चुकसँग थिम्पुस्थित तासिछो जोङ दरबारमा भेटवार्ता गरेका थिए । मोदी भुटानी राजाको उपस्थितिमा तेन्द्रेलथाङ महोत्सव मैदानमा आयोजित सांस्कृतिक कार्यक्रममा पनि सहभागी भएका थिए । (एजेन्सीको सहयोगमा)

### बाँसबारी छाला...

मालपोत कार्यालय डिल्लीबजारले १० रोपनी जग्गा फिर्ता गर्न गत माघ २५ गते च्याम्पियन फुटवेयर प्रालि (हाल चाँदवाग रेसिडेन्सी प्रालि) बाँसबारीको नाममा पत्र काटेको थियो । मालपोतले २१ दिनभित्र प्रतिनिधि कार्यालयमा हाजिर हुनू र नआएमा कानुनबमोजिम हुने भन्दै पत्र काटेको थियो । टोखा नगरपालिका-६ का अध्यक्षको रोहबरमा चाँदवागका सञ्चालक समिति अध्यक्ष सञ्जय ठाकुरको नाममा पत्र काटेको थियो । उक्त पत्रको विरूद्धमा सञ्जयले सर्वोच्च अदालतमा रिट दायर गरेका थिए ।

उक्त जग्गा प्रकरणमा प्रतिनिधिसभा सदस्य एवं उद्योगपति विनोद चौधरीसँग बिहीबार सिआइबीले बयान लिएको थियो । जिल्ला सरकारी वकिल कार्यालयमा चौधरीसँग बयान लिन लिइएको थियो । त्यसअघि बुधबार सिआइबीले प्रतिनिधिसभा सदस्य चौधरीमाथि बाँसबारी छाला जुत्ता कारखानाको जग्गा प्रकरणमा छानबिन गरिरहेको सभामुख देवराज घिमिरेलाई पत्र लेखेर जानकारी गराएको थियो । बयानपछि सांसद चौधरीले आफूमाथि राजनीतिकरण भएको टिप्पणी गरेका थिए । उक्त जग्गा नियमसंगत रूपमै खरिद गरिएको उनको दाबी थियो ।

---

## खप्तडछान्ना गाउँपालिका
### गाउँकार्यपालिकाको कार्यालय
पसलबगर, बझाङ्ग
सुदूरपश्चिम, नेपाल

### स्यानीटरी प्याड खरिदका लागि दरभाउ पेश गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०८०।१२।१०

यस गाउँपालिकाको आ.व. २०८०/८१ को वार्षिक स्वीकृत योजनामा शशर्त अनुदान बापत प्राप्त स्यानीटरी प्याड खरिद कार्यक्रम रहेको हुँदा यस गाउँपालिका भित्र अध्ययनरत कक्षा ६ देखि १२ सम्मका छात्राहरुलाई निःशुल्क स्यानीटरी प्याड वितरणका लागि खरिद गर्नुपर्ने भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को परिच्छेद ५ को दफा ४० र सार्वजनिक खरिद नियमावली २०६४ को परिच्छेद ७ को नियम ८४ अनुसार शिलबन्दी दरभाउबाट खरिद गरिने भएकोले इच्छुक आधिकारिक बिक्रेताहरुले तपसिलमा उल्लेखित कागजात सहित यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को अनुसूचि १ को स्यानीटरी प्याडको न्यूनतम मतापदण्ड बमोजिमको स्यानीटरी प्याडको दरभाउ पेश गर्नहुन जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिलः**
१. निवेदन ।
२. व्यवसाय दर्ता र नविकरण गरेको प्रतिलिपी ।
३. भ्याट दर्ता प्रमाण पत्रको प्रतिलिपी ।
४. गत आ.व.को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी ।
५. व्यवसायीको नागरिकताको प्रमाण पत्रको प्रतिलितपी ।

प्रमुख प्रशासकीय अधिकृत

---

## फालेलुङ गाउँपालिका
### गाउँकार्यालालिकाको कार्यालय
थकेपुङ, पाँचथर
कोशि प्रदेश, नेपाल

### फालेलुङ, गाउँपालिका कार्यालयको जनहितमा जारी सन्देश

**सडक हामी सबैको साझा सम्पति हो । यस सम्पतिको प्रयोग गर्ने अधिकार हामी सबैलाई रहेको छ । सडक, मोटरेवल पुल तथा झोलुङ्गे पुल जस्ता भौतिक संरचनाहरूको संरक्षण गर्नु हामी सबैको दायित्व हो । कोशी प्रदेश सरकारको लगानीमा निर्मित यी संरचनाहरु थोरै लगानीको मर्मत सम्भारले भेरै समय सम्म टिकाउ र प्रयोग योग्य रहनेछ । तपाई हाम्रो सानो सहयोग, प्रयास र सूचनाले महत्वपूर्ण भूमिका खेल्नेछ ।**

**त्यसैले** :
- सडक अतिक्रमण गरी सडकको केन्द्र विन्दुबाट Right of Way को क्षेत्राधिकारभित्र कुनै पनि स्थायी तथा अस्थायी संरचनाको निर्माण नगरौं ।
- सम्बन्धित निकायको अनुमतिविना कुनै पनि शाखा सडक निर्माण नगरौं ।
- भवन लगायतका पूर्वाधार निर्माण सम्बन्धमा स्थानीय तहले जारी गरेको मापदण्ड पूर्णरूपमा पालना गरौं ।
- सडकमा जथाभावी सवारी साधन पार्किङ नगरौं ।
- निर्माण तथा व्यापारिक सामग्रीहरु सडक तथा फुटपाथमा नराखौं ।
- विभिन्न निर्माण कार्यहरूको समयमा नालीलाई नपुरिने गरी निर्माणकार्य गरौं र पुरिएको खण्डमा पानीको प्रवाहलाई सडकमा नआउने गरी व्यवस्थापन गरौं साथै कार्य सकिएपछि नाली सफा गरौं ।
- सडकमा सवारी साधन धुने र पखाल्ने नगरौं ।
- बाढीपहिरो तथा अन्य कारणबाट सडक संरचनाहरु अवरूद्ध एवम् क्षति भएमा सम्बन्धित निकायमा तुरून्त खबर गरौं ।
- सडकमा घरपालुवा चौपायाहरु बेवारिसे अवस्थामा नछोडौं ।
- सडकको दायाँ-बायाँ रूख विरूवा रोपौं ।
- ढुङ्गा, बालुवा गिट्टी, रड इत्यादि निर्माण सामग्रीहरु सडकपेटीमा नथुपारौं ।
- घर बनाउँदा नेपाल सरकारको मापदण्डअनुसार सडक छोडेर बनाऔं ।
- निर्माण सामग्री बोक्ने ट्याक्टर, टिपर, ट्रकहरूले माटो बालुवा,
- गिट्टी ढुवानी गर्दा सडकमा झार्दै ढुवानी नगरौं ।
- सडकको दायाँ-बायाँमा क्षति हुने कुनै पनि काम नगरौं ।
- सडकमा फोहोर मैला दुर्गन्धित हुने कुनै पनि वस्तु नफालौं ।
- सडक, बाटो तपाईं हाम्रो साझा सम्पत्ति हो त्यसैले संरक्षण गरौं ।
- सुरक्षित तथा भुकम्प प्रतिरोधी आवाश निर्माण गरौं ।
- सडकको सुरक्षा नै सुरक्षित यात्रा सुनिश्चित गर्नु हो ।
- दिगो र बलियो भौतिक संरचनामा जोड दिऔं ।
- प्राविधिकको निगरानीमा भौतिक संरचना निर्माण गरौं ।
- दिगो सडक, पुलपुलेसा, भवन निर्माण हाम्रो सरोकार जोखिमरहित पूर्वाधार सेवा प्राप्ति नागरिक अधिकार ।
- आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनौं ।
- विकासको हरेक काम कारबाही जानकारी राखौं ।
- विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।


## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष १० अंक ३२३ चैत ०९ गते २०८० मा प्रकाशित **Mehandi Overseas Pvt. Ltd.** को Lot No. 282722 को **SB Marine Products Sdn Bhd.** कम्पनीको विज्ञापनमा Factory Worker पदको पुरुष कामदारको संख्या १० र महिला कामदारको संख्या ४ हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराईन्छ ।

MEHANDI OVERSEAS PVT. LTD.
Sinamangal–9, Airport, Kathmandu, Tel:- 01 4581856
Mobile : 9851134306, Email:mehendioverseas2074@gmail.com

## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष १० अंक ३२३ चैत ०९ गते २०८० मा प्रकाशित **Supreme Overseas Pvt. Ltd.** को Lot No. 271171 को **M J International Restaurant Company** को विज्ञापनमा **अन्तर्वार्ता मिति: २०८० चैत १६ (29th Mar. 2024)** हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराईन्छ ।

**Supreme Overseas Pvt. Ltd.**
Koteshwor-32, Kathmandu, Nepal.
Phone: +977-1-4610716, 9813327241, 9741877355, 9841359033, 9851107202
Email: supremeovs@yahoo.com, supremeover301@gmail.com,
Web: www.supremeoverseas.com.np
श्रम ईजाजत नं. ३०१/०५९/०६०



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **RAVV GEMILANG SECURITY SDN BHD**

पूर्व स्वीकृति मिति : २०८०/०९/०६ पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/०९ LT. No. 296481 चलानी नं. ६०२११९६८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 10 | 0 | 1500 | ४२,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० चैत १७ गते (30th Mar. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**White Horse International Pvt. Ltd.** Govt. License 966/067/68
New Baneshwor, Kathmandu, Nepal, Tel No: +977-1-4791108, 4792040, E-mail: wh.adm77427@gmail.com



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **AL MABIA HOSPITALITY L.L.C.**

पूर्व स्वीकृति मिति २०७९/०७/२२ पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/०९ LT. No. 275031 चलानी नं. ६०१९०७१८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Event Planner | 38 | 0 | 1200 | ४३,३८० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Follow up Clerk | 55 | 30 | 1200 | ४३,३८० | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० चैत १७ गते (30th Mar. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**VARSHA MANPOWER PVT. LTD.**
(STAR INTERNATIONAL HUMAN RESOURCE PVT. LTD.)
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944
श्रम ईजाजत नं. ९५४/०६७/६८



## ZERO COST RECRUITMENT OPPORTUNITY FOR UAE !!!
## शुन्य लागत अन्तर्गत युएईमा वैदेशिक रोजगारको अवसर ।

**Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator! Free Food**

निःशुल्क भिषा, निःशुल्क टिकट, निःशुल्क स्वास्थ्य जाँच, निःशुल्क भर्ना प्रक्रिया, सेवाशुल्क नलाग्ने, तलब कटौतीनहुने, नगदजम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित

**COMPANY: KELVIN CATERING SERVICES & FACILITIES MANAGEMENT EMIRATES L.L.C., UAE**
**कम्पनी : केल्भिन क्याटरिङ सर्भिसेस एण्ड फ्यासिलिटिज म्यानेजमेन्ट इमिरेट्स एल.एल.सि., युएई**

Pre Approval Date : 2024-01-17 Post Advertisement Date : 2024-03-22 LT. No.297771 चलानी नं. ६०२१३१३०
पूर्व स्वीकृति मिति : २०८०/१०/०३ पुन विज्ञापन स्वीकृति मिति : २०८०/१२/०९ एल टि न. २९७७७१ Invoice No. 60213130

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Salad Maker/Grade Manager | 7 | 0 | 1200 | ४३,७०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Assistant Cook Arabic/rice/veg Cutting | 10 | 0 | 1000 | ३६,४२० | | | | | | | |
| 3 | Butcher | 7 | 0 | 1200 | ४३,७०५ | | | | | | | |
| 4 | Ethnic Cook | 10 | 0 | 2000 | ७२,८४५ | | | | | | | |
| 5 | Storekeeper | 7 | 0 | 1000 | ३६,४२० | | | | | | | |

**The interview will be conducted in the office on 30th Mar. 2024.**
**अन्तर्वाता हुने स्थान र मिति : संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० चैत्र १७ गते हुनेछ ।**

**नोटः आवेदकहरुलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना सिधा आवेदन गर्न आमन्त्रित गरिएको छ । आवेदक वा आवेदकका परिवारका सदस्यहरुले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन ।**
**Note: Applicants are invited to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment.**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाई टिकट कसले दिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कसले व्यहोर्ने Who will bear the Visa Cost | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने How much is the Orientation Cost and who will bear it | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने Who will bear the Visa Stamping Cost |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने उमेर १८ देखि ३५ : ने.रु.३७०८/- उमेर ३६ देखि ५० : ने.रु.४९३१/- उमेर ५१ देखि ६४ : ने.रु.९४६३/- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | ने.रु.७०० ।- रोजगारदाताले व्यहोर्ने NPR 700/- By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer |

कल्याणकारी कोष सम्बन्धी ब्यवस्था : ने.रु.१५०० ।- रोजगारदाताले व्यहोर्ने
Management of Workers Welfare Fund NPR 1500/- By the Employer
सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने रोजगारदाताले व्यहोर्ने
How much is the Service Fee and who will bear it By the Employer

यस प्रा.लि. को कुनै शाखा तथा मध्यस्थकर्ता छैन । यस कम्पनीले कुनै पनि भर्ना शुल्क लिने छैन । यसको मतलब कुनै पनि भर्ना प्रकिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने ।

Vision & Value Overseas Pvt. Ltd. does not have any branch or mediator representative. This company is a non fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any form of fees.

हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्रसँग सम्बन्धित जानकारीमूलक सामग्रीहरु जस्तै पर्चा, ब्यानर फ्लेक्स आदि पुर्ण रुपमा अध्ययन गरी जानकार हुन अनुरोध गर्दछौ । पुरुष आवेदकको उमेर कम्तीमा पनि २१ देखि ३८ तथा महिला आवेदकको उमेर कम्तीमा पनि २२ देखि ३८ सम्म हुनुपर्ने छ ।

We request you to fully study and understand job-related informative materials such as flyers, banners, flex placed at our Office premises.

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस । ४.बिदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै बिमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

Information provided by the Department of Foreign Employment(DOFE) 1.Consult with Agency for the visa confirmationfirm that is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Tahachal.

**VISION & VALUE OVERSEAS PVT. LTD.**
श्रम ईजाजत नं. ८२२/०६६/०६७
Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 43379450, P.O.Box:7764
Mobile: 9802356846, 9802356847, 9863194839, 9863194834, 9863194832, 9863194833, 9863194835
Email:- visionhospitalityjobs@gmail.com | URL: www.vnvnepal.com

# मन्त्री आवास निर्माणपछि हराउँदै मगर गाउँको परिचय



**ललितपुर–** ललितपुर महानगरपालिका-१८ भैँसीपाटीको सैँबु मगर गाउँमा मन्त्री आवास निर्माण भएपछि बिस्तारै हराउँदै छ मगर गाउँको परिचय । संघीय मन्त्रीका लागि ९६ रोपनीसहित प्रदेश प्रमुख र मुख्यमन्त्रीका लागि २७ रोपनी १२ आना जग्गामा आवास निर्माण भएपछि मगर गाउँको परिचय नै आवास क्षेत्र बन्दै गएको छ ।

शाहकालीन राज्यदेखि नै मगर गाउँको इतिहास छ । नेपाल एकीकरण गर्नेक्रममा बहादुर मगर जातिले आफूलाई ठूलो सहयोग गरेको भन्दै वि.सं. १७६९ मा पृथ्वीनारायण शाहले ललितपुरको भैँसीपाटीमा गोरखा जिल्ला पीपलथोक धातथलोका जगजजित थापालाई ५०० रोपनी जग्गा लालमहोहर लगाएर दिएको इतिहास शिलालेखमा उल्लेख गरिएको इतिहासका जानकार एवं स्थानीय राजेश पन्तले बताए ।

काठमाडौं उपत्यकालाई अन्य राज्यको आक्रमणबाट जोगाउन एकीकरण अभियानमा महत्त्वपूर्ण सहयोग गरेका साहसी र बहादुर मगर जातिलाई उपत्यका छिर्ने गौंडा कुर्न उपत्यकाको विभिन्न स्थानमा जग्गा दिई बसोबास गराउने क्रममा भैँसेपाटीमा ५०० रोपनी जग्गा दिइएको मगर गाउँमा स्थापित शिलालेखमा उल्लेख छ ।

समयअनुसार बस्ती बढ्दै गएपछि ललितपुरको सैँबु मगर गाउँको नामले परिचित भएको थियो । गोरखा जिल्लाका थापा मगर बसाइँ सरेर सैँबु मगर गाउँमा आएपछि पीपलबोट रोपेको इतिहास पनि शिलालेखमा उल्लेख गरिएको छ । त्यही पीपलको रुख भएको ठाउँलाई अहिले मगर गाउँ चोकको नामले चिनिन्छ ।

सहरीकरण बढ्दै गएपछि मगर गाउँमा सबै समुदायको बसोबास हुँदै आएको स्थानीय बताउँछन् । मन्त्री आवास निर्माण सुरु भएदेखि आवास क्षेत्रमा बाटो फराकिलो हुनुपर्छ भनेर स्थानीयले विरोध गरिरहेका स्थानीय पन्तले बताए । उनले भने, 'मन्त्री निवास निर्माण गर्ने बहानामा ऐतिहासिक बस्तीको बेवास्ता गर्नुभएन । आवास क्षेत्र वरपर ११ मिटर चौडा बाटो चाहिन्छ भनेर विरोध गरेका हौं ।'

ऐतिहासिककालदेखि स्थापित भएको गाउँको परिचय गुम्ने हो कि भन्ने चिन्ता बढेको पन्तको भनाइ छ । उनले भने, 'सहरीकरण बढ्दै गएपछि मगर गाउँको परिचय लोप नहोस् भनेर शिलालेख निर्माण गरेका छौं । शिलालेखमा एकीकरणको समयमा मगर समुदायले पृथ्वीनारायण शाहलाई पुऱ्याएको योगदानका बारेमा उल्लेख छ ।'

मगर गाउँ चोक छेउमा वि.सं. २०६५ मा निर्माण गरिएको पशुपतिनाथ मन्दिर छ । त्यही मन्दिरको मुख्य गेटमा मगरगाउँको इतिहास झल्किने शिलालेख तयार गरिएको छ । मन्त्री आवास निर्माण नहुँदा आवास क्षेत्र खेतीयोग्य जमिन भएको पशुपतिनाथ मन्दिरका पुजारी सुदर्शन अर्यालले बताए । उनले भने, 'पहिले यहाँ धान फल्थ्यो । अहिले हेर्दाहेर्दै ठूलाठूला भवन निर्माण भएका छन् ।'

अहिले धेरैले मगरगाउँलाई मगरगाउँ नभनेर आवास क्षेत्र भन्ने गरेका पजारी अयालले बताए । मगर गाउँको परिचय बिस्तारै हराउँदै गएको उनको भनाइ छ । मन्त्री आवास निर्माण भएपछि स्थानीयले फराकिलो बाटो र बस्ती सुरक्षा तथा पार्क हुनुपर्ने माग गर्दै आएका छन् । प्रदेश प्रमुख र मुख्यमन्त्रीको आवास निर्माण सकिए पनि संघीयमन्त्री भने अझै काम सम्पन्न भएको छैन । *रासस*

# सुक्खा फोहोर खरिदका लागि प्रस्ताव आह्वान

**काठमाडौं (प्रस)–** काठमाडौं महानगरपालिकाको वातावरण व्यवस्थापन विभागले सुक्खा फोहोर बिक्री गरी आय संकलनका लागि प्रस्ताव आह्वान गरेको छ । वातावरण व्यवस्थापन विभागले शुक्रबार एक सूचना जारी गरी आन्तरिक राजस्व कार्यालयमा भ्याट दर्ता भएका व्यक्ति, कम्पनी वा फर्महरूले ३० दिनभित्र सुक्खा फोहोर खरिदका लागि प्रस्ताव पेस गर्न आह्वान गरेको हो ।

सुक्खा फोहोर खरिदका लागि प्राप्त प्रस्तावहरू आगामी वैशाख १० गते दिउँसो २ बजे कार्यालयको वातावरण व्यवस्थापन विभागमा कर्मचारी एवं उपलब्ध प्रस्ताव दाताहरूको रोहवरमा खोलिने जनाएको छ । महानगरले विभिन्न वडाबाट टेकु ट्रान्सफर स्टेसनमा दैनिक रूपमा संकलन हुने सुक्खा फोहोर बिक्रीका लागि प्रस्ताव आह्वान गरिएको उक्त सूचनामा उल्लेख गरिएको छ । यसैगरी उक्त विषयमा थप जानकारी काठमाडौं महानगरपालिका वातावरण व्यवस्थापन विभागबाट लिन सकिने सूचनामा उल्लेख गरिएको छ ।

प्लास्टिक, कपडालगायतका २९ वटा सामग्रीहरूलाई सुक्खा फोहोर भन्ने गरिएको विभागका प्रमुख नविनमान श्रेष्ठले बताए । उनले भने, 'नेपालमै यो सुक्खा फोहोर बिक्री गरी आय संकलनका लागि प्रस्ताव आह्वान गरिएको पहिलोपटक भएकाले यो सुरुआती हो, कति आम्दानी हुन्छ अहिले जानकरी भएन । आम्दानीअनुसार उक्त रकम वातावरणको क्षेत्रमा लगानी गरिने छ ।'

काठमाडौंमा प्रतिदिन ७०० टन फोहोर संकलन हुने गरेको र टेकुमा मात्रै प्रतिदिन २०० टन फोहोर आइरहेकाले कति टन सुक्खा फोहोर जम्मा हुन्छ त्यो विषयमा अहिले नै भन्न सकिने अवस्थामा नरहेको श्रेष्ठले बताए ।

# Invitation for Bids
## Tribeni Rural Municipality
## Office of Rural Municipality Executive
### Simrutu, Kharaneta Rukum(west)
### Karnali Province

## Invitation for the TRM Hospital Retaining wall Construction

**Date of Publication -: 2080/12/10**

1. Tribeni Rural Municipality, Office of Rural Municipality Executive, Simrutu, Kharaneta Rukum (West) invites Open Competitive Bidding from the eligible bidders for the construction of works given in table under National Competitive Bidding procedures.

| S.N. | Contract Identification No. | Description of Work | Estimated Cost Excluding VAT & Contingency (NRs.) | Bid Security Amount (NRs.) | Bid validity /Bid security Period / Price of bid Document (NRs.) |
|---|---|---|---|---|---|
| 1. | TRM-TRMHR-WC/08/2080/081 | *TRM Hospital Retaining Wall Construction* | *29,73,304.06/-* | *85,000/-* | *90/120/3,000/-* |

**Information to deposit the Cost of Bidding Document in Bank:**
Name of the Bank- Laxmi Sunrise Bank Limited, Tribeni Branch, Rukum(west)
Name of office -Tribeni Rural Municipality, Simrutu, Kharaneta, Rukum(west)
Account No.-08703000156
Account Name - Rajaswa khata

**Information to deposit the Bid-Security Amount**
Name of the Bank-Laxmi Sunrise Bank Limited, Tribeni Branch, Rukum(west)
Name of office -Tribeni Rural Municipality, Simrutu, Kharaneta, Rukum(west)
Account No.-08703000084
Account Name -Dharauti khata

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of ***Tribeni Rural Municipality, Simrutu Kharaneta,Rukum(west),*** **Email:-tribenigp@gmail.com, 9812854065,9847864416.**
3. Bids must be submitted to the office ***Tribeni Rural Municipality, Simrutu Kharaneta,Rukum(west),*** by hand/courier before ***12:00 PM*** on ***2081/01/10***. Bids received after this deadline will be rejected.
4. Employer Address:
The employer is -Tribeni Rural Municipality, Rukum(west)
E-mail Address - tribenigp@gmail.com

**Chief Administrative Officer**


## कुवेतमा वैदेशिक रोजगारको अवसर
सच्याइएको

कम्पनी : MJ INTERNATIONAL RESTAURANT COMPANY

पूर्व स्वीकृति मिति २०७९/०५/१७ पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/०८ LT. No. 271171 चलानी नं. ६०१८६७८८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Chef | 10 | 0 | 150 | ६४,९१० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cleaner | 10 | 0 | 150 | ६४,९१० | | | | | | | |
| 3 | Waiter/waitress | 6 | 6 | 150 | ६४,९१० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० चैत १६ गते (29th Mar. 2024) मा हुनेछ ।
साथै यस कम्पनीको लागि Receptionist-1 (F) र Documentation-1 (F) को आवश्यकता परेकोले योग्य व्यक्तिहरुले आफ्नो बायोडाटासहित यथासिघ्र सम्पर्क गर्न अनुरोध गरिन्छ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्याहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्याहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ३०१/०५९/०६०

**Supreme Overseas Pvt. Ltd.**
Koteshwor-32, Kathmandu, Nepal.
Phone: +977-1-4610716, 9813327241, 9741877355, 9841359033, 9851107202
Email: supremeovs@yahoo.com, supremeover301@gmail.com,
Web: www.supremeoverseas.com.np



## रोमानियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : INTERNATIONAL WORK FINDER

पूर्व स्वीकृति मिति २०७९/०९/०१ पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/०८ LT. No. 277864 चलानी नं. ६०१९७९३८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब USD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agriculture Worker | 10 | 0 | 550 | ७२,९१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cook | 5 | 0 | 650 | ८६,१७० | | | | | | | |
| 3 | Cook Helper | 10 | 7 | 550 | ७२,९१५ | | | | | | | |
| 4 | Factory Worker | 17 | 0 | 550 | ७२,९१५ | | | | | | | |
| 5 | General Worker | 25 | 2 | 550 | ७२,९१५ | | | | | | | |
| 6 | Mason | 10 | 0 | 600 | ७९,५४० | | | | | | | |
| 7 | Shuttering Carpenters | 9 | 0 | 600 | ७९,५४० | | | | | | | |
| 8 | Still Fixer | 5 | 0 | 600 | ७९,५४० | | | | | | | |

अन्तरवार्ता हुने स्थान:
ललितपुर, महालक्ष्मी न.पा, पिस टेक्निकल ट्रेनिङ सेन्टर प्रा.लि.मा मिति: २०८१ वैशाख ४ र ७ गते (16 & 19 Apr. 2024) मा हुनेछ ।
कास्की, पोखरा, लेखनाथ मार्ग, बाजेको सेकुवामा मिति: २०८१ वैशाख ५ गते (17 Apr. 2024) मा हुनेछ ।
सुनसरी, इटहरी सव-मेट्रो, मुनाल ट्रेनिङ सेन्टरमा मिति: २०८१ वैशाख ६ गते (18 Apr. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्याहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्याहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: ५०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SHALMANI OVERSEAS PVT. LTD.**
Govt. License 828/066/67
Koteshwar-32, Kathmandu, Nepal
(Tel) Head Office: 01-5147227/5147228/9847906630 | Pokhara Branch: 061591499/9802854022/9802854860
Itahari Branch: 9800910067/025-590307/9802714260 | Chitwan Branch:9812423422/056-513916/9809139672
Mail: info@shalmanioverseas.com, Web: www.shalmanioverseas.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL-MUHAILIB GROUP COMPANY FOR CEMENT PRODUCTS

पूर्व स्वीकृति मिति २०८०/१२/०९ LT. No. 302247 चलानी नं. ६०२१७०७९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Concrete Worker | 5 | 0 | 1000 | ३५,२७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० चैत १७ गते (30th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्याहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्याहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Nile International Manpower Agency Pvt. Ltd.**
Sinamangal, Kathmandu, Nepal Tel : +977-1-4599491, 4578036
Fax : 00977-1-4494529 Email : nileintl@wlink.com.np/nileintl1@gmail.com
/nileintl2008@yahoo.com Website: www.nilegroupofcompanies.com
श्रम ईजाजत नं. ८२०/०६६/०६७



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : PACKAGING MASTER INDUSTRIES SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०९/१३ पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/०९ LT. No. 277686 चलानी नं. ६०१९४०६५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 10 | 0 | 1500 | ४२,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० चैत १७ गते (30th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्याहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्याहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Muskan Overseas Pvt. Ltd.**
Govt. License 1342/074/75
Samakhushi -26, Kathmandu, Nepal, Tel: + 977-1-4359026, 4363094
Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : FEOSO OIL (MALAYSIA) SDN BHD

पूर्व स्वीकृति मिति २०८०/०८/१३ पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/०९ LT. No.295700 चलानी नं. ६०२१०७०३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
